गल्याङ नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा

कार्यपालिका बाट स्वीकृत मिति: २०८०।१०।०४

# "हरियो घाँस कार्यक्रम कार्यविधि, २०८०"

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

## पृष्ठभुमि

पशुपालन ब्यवसायलाई वढी व्यवसायिक तथा प्रतिस्पर्धी ब्यबसायको रुपमा बिकास गर्न उत्पादन लागत घटाउने कार्य प्रमुख चुनौतिको रुपमा रहेको देखिन्छ। खासगरी दुध, र मासुको उत्पादन लागत घटाउन घाँसमा आधारित पशुपालन अपरिहार्य आवश्यकता हो। यसको लागि उन्नत घाँस खेतीलाई व्यापकता दिदै कृषकलाई आवश्यक पर्ने गुणस्तरीय घासको बीउ, बेर्ना र सेटसको उत्पादन र वितरण नगर भित्र नै सुनिश्चित गर्ने हेतुले हरियो घाँस बिस्तार तथा संचालन गर्ने कार्यक्रमलाई सरल, सहज, व्यवस्थित प्रभावकारी र पारदर्शि रूपमा संचालन गर्ने यो कार्यविधि जारी गरिएको छ।

## १.संक्षिप्त नाम र प्रारम्भिकः

संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम " हरियो घाँस बिस्तार कार्यक्रम संचालन कार्यविधि २०८०" रहेको छ।

ख. यो कार्यविधि गल्याङ नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएपछी गल्याङ नगरपालिका भित्र प्रारम्भ हुनेछ।

## २.परिभाषाः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "नगरपालिका" भन्नाले गल्याङ नगरपालिका सम्झनुपर्नेछ।

ख. "कार्यालय" भन्नाले गल्याङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय भन्ने सम्झनुपर्नेछ।

ग. "शाखा" भन्नाले गल्याङ नगरपालिका पशु सेवा शाखा सम्झनुपर्नेछ।

घ. "वडा" भन्नाले गल्याङ नगरपालिकाका सबै वडाहरु सम्झनुपर्नेछ।

ङ. "प्राविधिक" भन्नाले कार्यालयमा कार्यरत वा पशु शाखाबाट खटाईएको सम्बन्धित प्राविधिक सम्झनु पर्दछ।

च. "हिउदे घाँस" भन्नाले जै, बर्सिम र भेच घाँस सम्झनुपर्नेछ।

छ. "बर्षे घाँस" भन्नाले सुडान, बाजरा र टियोसेन्टी घाँस सम्झनुपर्नेछ।

ज. "बहुबर्षे घाँस" भन्नाले नेपियर, मोलाटो, अम्रिसो र सेटेरिया घाँस सम्झनुपर्नेछ।

झ. "डाले घास" भन्नाले राइखनियो, किमु, मोरीङ्गा, भटमासे र मेन्डोला घाँस सम्झनुपर्नेछ।

ञ. "अनुदान" भन्नाले सम्बन्धित पशु विकास कार्यक्रम संचालनका लागि दिईने अनुदान सम्झनुपर्नेछ।

ट. "प्रस्तावक" भन्नाले यस कार्यविधि अनुसार प्राप्त कृषक, व्यावसायिक कृषक, सम्झिनु पर्दछ।

ठ. "कार्यविधि" भन्नाले गल्याङ हरियो घाँस बिस्तार कार्यक्रम संचालन कार्यविधि २०८० सम्झनु पर्नेछ

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गुरु प्रसाद भट्टराई
नगर प्रमुख

३.उद्देश्यः

यस कार्यक्रमका उद्देश्यहरु निम्नानुसर छन्।

क. कृषकहरुलाई आवश्यक पर्ने विभिन्न घाँसका बिउ/सेटस/बेर्नाहरु नगरमै उपलब्धताको सुनिश्चित गर्ने।

ख. पशु उत्पादकत्वमा वृद्धि गर्ने।

ग. पशु उत्पादनमा लाग्ने खर्च कम गर्ने।

४.कार्यक्रम संचालन प्रक्रिया

क. नगरपालिकाले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको प्रस्ताव निबेदन माग गर्नेछ।

ख. गल्याङ नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम गल्याङ नगरपालिकाबाट कार्यक्रम संचालनका लागि समितिले छनौट गरे बमोजिम हुनेछ।

अ) कृषक स्थायी रुपले गल्याङ नगरपालिकाको बासिन्दा हुनुपर्नेछ र कृषकले संचालन गरेको व्यवसायिक फर्म गल्याङ नगरपालिका क्षेत्रभित्र हुनुपर्नेछ।

आ) आएका निवेदनहरु उपर पशु सेवा शाखाले छलफल गरि निर्णय गर्नेछ।

इ) कृषकहरुलाई घाँस वितरण १००% अनुदान हुनेछ।

५.लाभग्राही छनौटको लागि प्रक्रिया :

- आफु संग प्राप्त मात्रामा घाँस खेति गर्न जमिनको उपलब्धता भएको ।
- पशुहरुको संख्याको आधारमा।
- घाँस खेति गर्न इच्छुक भएमा।
- घाँस खेतीमा अन्य कुनै पनि निकाय बाट अनुदान नपाएको भएमा।

६.कार्यक्रमा शिर्षक :

| क.स. | विवरण | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | बिउ वितरण | १०० % | |
| १.१ | हिउदे घाँस | १०० % | |
| १.२ | वर्षे घाँस | १०० % | |
| १.३ | वहुबर्षे घाँस | १०० % | |
| २ | डाले घाँस | १०० % | |

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गुरु प्रसाद भट्टराई

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

७.अनुगमन, मुल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था :

यस कार्यक्रमको अनुगमन गल्याङ् नगरपालिका पशु सेवा शाखाले गर्नेछ ।

८.थपघट वा हेरफेर गर्न सक्ने

क. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर वा खारेज गर्न सक्छ।

ख. यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

गुरु प्रसाद भट्टराई
नगर प्रमुख

गल्याङ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा

अनुसूची -१

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

## कार्यक्रमको प्रस्ताव आवह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः.........................)

गल्याङ् नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ. ब. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम हरियो घाँस विस्तार कार्यक्रम अन्तर्गत १००% अनुदान कार्यक्रम (.......................................................................................) मा सहभागी हुन इच्छुक पशुपालक कृषकलाई दरखास्त आवह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित गरिएको १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको निवेदन पशु सेवा शाखामा दिनुहुन सुचित गरिन्छ। आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सुचनाद्वारा सुचित गरिन्छ।

तपसिल :

१. फर्म दर्ता प्रमाण पत्र (दर्ता गरेको भए मात्र)
२. स्थायी लेखा नं प्रमाण पत्र र आवश्यक भए कर चुक्ता प्रमाण पत्र (दर्ता गरेको भए मात्र)
३. नेपाली नागरिकताको प्रतिलिपि
४. जग्गाधनिको जग्गाको लालपुर्जा
५. निवेदन

यस कार्यक्रम सन्चालन गर्दा हालसम्म घाँस वितरण शिर्षकमा कुनै पनि किसिमको अनुदान प्राप्त नगरेका कृषक वा उद्यमीहरुलाई बिशेष ग्राह्यता दिईनेछ। बिउ घाँस माग निबेदन यस नगरपालिकाको पशु सेवा शाखा प्राप्त गर्न सकिनेछ।

थप जानकारीका लागि फोन नं ०६३-४६०१२९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

अनुसूची -२

मितिः २०८०/..../....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
गल्याङ नगरपालिका, स्याङ्जा

बिषयः घाँसको बिउ माग सम्बन्धमा।

महोदय,

प्रस्तुत बिषयमा म/हामी ........................................................... ले गल्याङ नगरपालिका वडा नं ............ मा ................................................................... फार्म/समुह/सहकारी स्थापना गरी गाई/भैसी/बंगुर/बाख्रा पालन गरि आएको हुनाले सोका लागी तपशिलअनुसार घाँसको बिउ उपलब्ध गराईदिनुहुन बिनम्र अनुरोध गर्दछु/गर्दछौ।

तपशिल

| क.स. | घाँसको नाम | आवश्यक परिमाण(कि.ग्रा) | कै. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

संलग्न कागजपत्रहरुः (संलग्न कागजातमा ✓ चिन्ह लगाउनुहोला)

- फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
- नागरिताको प्रतिलिपि

निवेदक

दस्तखतः

नामः

ठेगानाः

हाल रहेका पशु सङ्ख्याः

फोन नंः

अनुसूची-३

गल्याङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
२०७३

स्याङ्जा जिल्ला गल्याङ नगरपालिका वडा नं.............निवासी म...........................................लाई तहा कार्यालयबाट आ.व ................ को वार्षिक स्वीकृति हरियो घाँस विस्तार कार्यक्रममा सहभागी हुनको लागि निवेदन दिएको छु, साथै हालसम्म कुनै पनि निकायबाट अनुदान नलिएको भनि घोषणा गर्दछु ।

यस विवरण झुठो ठहरेमा नियमानुसार सहुला बुझाउला ।

इति सम्बत् : २०८०/............................रोज शुभम् ।

| दायाँ | बायाँ |
| --- | --- |
| | |

.......................

गल्याङ नगरपालिका वडा ...........स्याङ्जा

सम्पर्क नं....................................